का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ३८
❒ २५ फागुन २०७६, आइतबार
❒ 8 March 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक




# जानकारी कम, त्रास धेरै

**तीन हजार बढीको ज्यान लिएको र एक लाख बढीमा संक्रमण देखिएको कोरोना भाइरसको प्रकोपको नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन सँगै मुलुकका हरेकजसो क्षेत्र प्रभावित बनेको छ । देशभर सरकारले अत्यावश्यक बाहेकका भेला तथा जमघटमा नगर्न आग्रह गरेको छ ।**

**मध्याह्न संवाददाता**
काठमाडौं, २४ फागुन

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले नोबेल कोरोना भाइरस 'कोभिड-१९'को प्रतिकार्यका लागि आवश्यक गतिविधि सञ्चालन गर्ने निर्णय गरेको छ । प्रदेश सरकारका प्रवक्ता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बिमला केसीले पत्रकार सम्मेलनमार्फत प्रदेश सरकारको सामाजिक मन्त्रालयबाट प्रस्तावित नोबेल कोरोना भाइरस 'कोभिड-१९' प्रतिकार्य सम्बन्धमा गरिएको प्रस्ताव मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको जानकारी दिइन् । उनले यस प्रदेश भित्रका पाँच नाका : हुम्लाको हिल्सा, सल्यानको कपुरकोट, सुर्खेतको बबई, विमानस्थल र कुइनेमा हेल्थडेस्क राख्ने, त्यसका लागि आवश्यक जनशक्ति परिचालन तथा बजेट व्यवस्था प्रदेश सरकारले गर्ने निर्णय गरिएको बताइन् ।

प्रवक्ता केसीका अनुसार 'कोभिड-१९'को प्रतिकार्य गर्न सरकारले मेला, महोत्सव, आमसभा, भेला तथा सार्वजनिक कार्यक्रम, अनावश्यक आवतजावत, हात तथा गला मिलाउने कार्य नगर्ने र नगराउने, उत्तरी नाकालाई विशेष ढङ्गले कडाई गर्ने, यो समयमा कालोबजारी गर्नेलाई कडाईपूर्वक कार्वाही गर्ने निर्णय गरेको छ । कोरोना भाइरसबारे आतंकित नहुन र उच्च सर्तकता अपनाउन स्वास्थ्यकर्मीबाहेक शिक्षक, विद्यार्थी, नागरिक समाज, नीजि क्षेत्र, सरोकारवाला पक्षसँग आवश्यक समन्वयगरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सन्देशमूलक कार्यक्रमलाई प्रभावकारी ढङ्गले प्रवाह गर्ने निर्णय भएको उनको भनाइ थियो ।

कर्णाली प्रदेश जस्तै सचेतता अन्य प्रदेशले पनि गरिरहेको छ । बागमती, गण्डकी, सुदूरपश्चिम, प्रदेश-१, २ र ५ ले पनि आवश्यक सचेतता अपनाउने निर्णय गरेको छ । भारत र चीनसँग सीमा जोडिएको जिल्लाहरुमा बढी सचेतता अपनाउने संघीय सरकारले नै निर्देशन दिएको छ । नेपालमा कोरोना भाइरसको संक्रमण नदेखिए पनि संघीय सरकार, संसद देखि स्थानीय सरकारसम्मले सचेतताको कार्यक्रम सार्वजनिक गरेको छ । छिमेकी चीन भएर बाँकी पृष्ठ २ मा




## सगरमाथा सम्वाद स्थगित
## दलहरूको कार्यक्रम स्थगित
## अत्यावश्यक बाहेकका भेला स्थगित
## होली आयोजना नगर्न आग्रह
## सीमानाकामा कडाई
## अनअराइभल भिसा रोक
## चैत ५ भित्रै कक्षा ९ सम्मको परीक्षा
## नेपाल भ्रमण वर्ष स्थगितको तयारी
## जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश
## विशेष संसदीय समिति गठनको माग
## कालो बजारी नियन्त्रणको प्रयास
## मास्कको अभाव, कृतिम अभाव सिर्जना
## केही स्थानमा क्वारेन्टाइन स्थापना
## सवै खेलकुद प्रतियोगिता स्थगित
## हात नमिलाउन आग्रह
## उपभोग्य सामग्रीको भण्डारमा नहतारिन आग्रह

# जब शिक्षिकाले विवेक गुमाइन्

## हात चिर्न लगाउने शिक्षिका पक्राउ


सम्पादकीय- दीर्घकालीन समाधान खोज

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन

परीक्षामा कम नम्बर ल्याएका विद्यार्थीलाई हात चिर्न लगाउने एक शिक्षिका पक्राउ परेकी छन् । काठमाडौंको जडिबुटीस्थित जागृति एकेडेमीकी शिक्षिका सीतालक्ष्मी कर्माचार्यलाई बानेश्वर प्रहरी वृत्तको टोलीले शनिबार दिउँसो पक्राउ गरेको हो । पक्राउ परेकी शिक्षिकामाथि अभद्र वा अमानवीय यातना विषयमा मुद्दा चलाउने तयारी भइरहेको प्रहरीले जनाएको छ । उनीबारे थप अनुसन्धान गरेर कुन मुद्दा लगाउने भन्ने टुंगो लाग्ने काठमाडौं प्रहरी प्रमुख एसएसपी उत्तमराज सुवेदीले जानकारी दिए । शिक्षिका कर्माचार्यले बिहीबार कक्षाकोठामै कक्षा ६ र ७ का ३४ जना विद्यार्थीलाई ब्लेडले हात चिर्न लगाएकी थिइन् । विद्यार्थीले हात चिरेको तस्बिर विजय दाहालले आफ्नो फेसबुकमा राखेका थिए ।

**३४ विद्यार्थीलाई यातना**

शिक्षिका कर्माचार्यले कक्षा ६ र ७ का विद्यार्थीलाई २० पूर्णाङ्कको परीक्षा लिएकी थिइन् । सामाजिक शिक्षा पढाउने शिक्षिका कर्माचार्य परीक्षाको अघिल्लो दिन एउटा सर्त राखिन् । जसले परीक्षामा कम नम्बर ल्याउँछ ति विद्यार्थीले ब्लेडले आफ्नै चिर्नुपर्ने उनको सर्त थियो । विद्यार्थीहरू बाध्य भएर सर्त मान्न तयार भए । र परीक्षा दिए । अनि कर्माचार्यले बिहीबार नतिजा सुनाएपछि १५ भन्दा कम नम्बर ल्याउने ३४ जना विद्यार्थीलाई उठ्न लगाइन् । र पूर्व सर्तअनुसार सिसाकलम तिखार्न प्रयोग गर्ने ब्लेडले हात चिर्न दवाव दिइन् ।

विद्यार्थीका हातमा एकभन्दा धेरै ठाउँमा ब्लेडले चिरा पारेपछि घटना बाहिर आएको थियो । उनले विद्यार्थीलाई हात चिर्न नमाने आफैं चिरिदिने धम्की दिइन् । विद्यार्थी हात चिरेर घर पठाएपछि विद्यार्थीका अभिभावकलाई फोन गर्दै चिरेको हातमा नुनखुर्सानी छर्कन भनिन् । उनको यो हर्कत देखेर अभिभावक चिन्तित बनेका थिए ।

घटनापछि एकेडेमीले शिक्षिका कर्माचार्यलाई जागिरबाट हटाएको छ । एकेडेमीका प्रिन्सिपल राजनकुमार श्रेष्ठले शिक्षिका कर्माचार्यलाई शुक्रबारदेखि लागू हुने गरी अवकाश दिइएको जानकारी दिए । शिक्षिका कर्माचार्यले आफुबाट गल्ती भएको भन्दै माफी मागेकी थिइन् । प्रहरीसँगको प्रारम्भिक बयानमा कर्माचार्यले आफूबाट गल्ती भएको बताएकी हुन् ।

# असुरक्षित ठानिएको कुवेत नै नपुगी फर्किने भयो संसदीय टोली


वैदेशिक रोजगार विशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन

खाडी मुलुकमा कार्यरत नेपाली घरेलु महिला कामदारको अवस्था बुझ्न निस्किएको संसदीय टोली सबैभन्दा असुरक्षित मानिएको कुवेत नै नपुगी स्वदेश फर्कने भएको छ ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलप्रसाद श्रीवास्तव नेतृत्वको टोली कुवेतसहित खाडीका ६ देशका नेपाली घरेलु कामदारको अवस्था बुझ्न निस्किएको थियो । तर, सबैभन्दा असुरक्षित ठानिएको कुवेत नै नपुगी संसदीय टोली स्वदेश फिर्ता हुने भएको छ । कोरोना संक्रमणपछि कुवेतले विदेशीको प्रवेश निषेध गरेपछि संसदीय टोली त्यहाँ नपुगी फर्किनुपर्ने बाध्यता आइलागेको हो ।

'घरेलु कामदारका रूपमा नेपाली महिला कुवेतमा असुरक्षित रहेको गुनासोपछि हामीले कुवेत अनुगमन गर्ने योजना बनाएका थियौं,' टोलीमा सम्मिलित एक सदस्यले मध्यान्हसँग भने, 'तर, कोरोना त्रासमा रहेको कुवेत सरकारले विदेशीको प्रवेशमा निषेध गरेपछि त्यहाँ नपुगी फर्किनुपर्ने भएको छ ।'

नेपाली महिलालाई कुवेत लगिने र त्यहाँबाट साउदी अरब र सिरियासम्म पुऱ्याएर अलपत्र पार्ने गरिएको समाचारहरु पटक पटक सार्वजनिक भएका थिए । तर संवेदनशील मानिएको मुलुक कुवेत नै नपुगी नेपाली टोलीले प्रतिवेदन दिने देखिएको छ ।

टोलीले ओमान र साउदी अरबको भ्रमण भने सकाएको छ । ओमान र साउदीको भ्रमण सकाएको टोली शुक्रबार यूएई पुगेको छ । टोलीले त्यहाँ कार्यरत घरेलु महिला कामदारको अवस्थाबारे बुझ्ने बताइएको छ ।

**भ्रमणको आलोचना**

कोरोना भाइरसको संक्रमण यतिबेला विश्वव्यापी बनेको छ । विश्वका सबैजसो देशले सम्भावित संक्रमणबाट जोगिन सतर्कताका उपाय अपनाएका छन् । नेपाल सरकार स्वयंले पनि भीड उपस्थिति हुने कार्यक्रम र विदेश यात्रा नगर्न सुझाएको छ । यहीबीच, संसदीय टोली विदेश भ्रमणमा निस्किएपछि कतिपयले आलोचना गरेका छन् ।

टोलीमा प्रतिनिधिसभा अन्तर्गत रहेको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलप्रसाद श्रीवास्तव, सांसद्हरू गोपालबहादुर बम, दूर्गाकुमारी विश्वकर्मा, प्रमोद साह, भीमसेनदास प्रधान र सूर्यनारायण यादव सहभागी छन् । त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठक, संसद् सचिवालयका कर्मचारी शिवदत्त बराल र केशवराज सुवेदी पनि खाडीमा कार्यरत नेपालका घरेलु महिला कामदारको अवस्थाबारेको अनुगमनमा छन् ।

टोली नेपाल फर्केलगत्तै उचित कार्यविधि बनाएर घरेलु कामदार खाडी देश पठाउने बाटो खोल्ने कतिपयको आकलन रहेको छ । करीव साढे चार वर्ष पहिले तत्कालीन व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिका सभापति प्रभु साहको नेतृत्वको टोलीले छोटो समयको अन्तरालमा दिएको प्रतिवेदनका आधारमा खाडीका ६ वटा देशमा घरेलु कामदार पठाउन रोकिएको थियो । यद्यपि, अवैध बाटो भएर नेपाली महिला खाडीका देश गइरहेका छन् । प्रतिबन्धपछि पनि घरेलु कामदारका रूपमा महिलाहरू त्यसतर्फ जाने क्रम यथावत् रहेपछि संसदीय टोली अवस्था बुझ्न निस्केको हो । टोली फागुन २८ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# प्रधानमन्त्रीको स्वास्थ्यमा सन्तोषजनक सुधार



**काठमाडौं/मस–** पाँच दिनअघि मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा सन्तोषजनक रुपमा सुधार भइरहेको अस्पतालले जनाएको छ । प्रधानमन्त्रीको स्वास्थ्यमा सन्तोषजनक रुपमा सुधार भइरहेकाले साधारण खाना दिन थालिएको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्राडा प्रेमकृष्ण खड्गाले बताए ।

प्रधानमन्त्रीलाई सामान्य हिँड्डुल गराउनाका साथै 'फिजियोथेरापी'लाई पनि निरन्तरता दिइएको छ । प्रधानमन्त्रीको 'भाइटल' तथा प्रयोगशाला परीक्षणको परिणाम सामान्य रहेका उनले बताए । प्रधानमन्त्रीका मिर्गौलादाता समीक्षा सङ्ग्रौलाको पनि स्वास्थ्यावस्थामा राम्रो सुधार भइरहेको अस्पतालले जनाएको छ । संग्रौलाको पनि स्वास्थ्य सम्बन्धी अत्यावश्यक स्थिति प्रयोगशाला परीक्षणका सूचक सामान्य छन् । दातृ सङ्ग्रौलाले पनि साधारण खाना खानाका साथै हिँड्डुल गर्न थालिसकेको कार्यकारी निर्देशक खड्गाले बताए ।

२०६४ साउनमा भारतको एपोलो अस्पतालमा प्रधानमन्त्री ओलीले पहिलो पटक मिर्गौला प्रत्यारोपण गराएका थिए । तर, उक्त मिर्गौलाले समेत काम गर्न छोडेपछि गत भदौ यता प्रधानमन्त्री ओलीले नियमित डायलासिस गराउँदै आएका थिए । गएको ६ भदौंमा सिंगापुरमा स्वास्थ्य जाँच गराएका प्रधानमन्त्री ओली स्वदेश फर्किएर शिक्षण अस्पतालमा नियमित डायलासिस गराउँदै आएका थिए । गएको १० मंसिर एपेन्डिसाइटिस भएपछि शल्यक्रिया गराएका प्रधानमन्त्री ओलीको मंसीर २१ गते दोस्रो पटक मिर्गौला प्रत्यारोपण गराएका थिए । अहिले प्रधानमन्त्री ओलीलाई अस्पतालको आईसीयूमा राखिएको छ । आईसीयूमा राखिएका प्रधानमन्त्री ओली सामान्य हिडडुल, कुराकानी गर्नाका साथै ठोस् पदार्थ खान समेत थालिसकेका छन् ।

# सेती नदीको सुक्खा पहिराले जोखिमपूर्ण बन्दै पोखरा

**कास्की/रासस–** पोखरा महानगरपालिका वडा नं १५ र १७ को बीचमा पर्ने रातोपैंन्हो क्षेत्रमा गत भदौमा सेती नदी किनारमा गएको सुक्खा पहिरो र त्यसले बनाएको बाँधले यतिखेर उक्त आसपासका सर्वसाधारणलाई बेला बेलामा झस्काउने गरेको छ। बाहिरीरुपमा खासै चर्चा नभए पनि पहिरासँगै नदी माथि नै थुप्रिएका ठूलाठूला चट्टान र त्यहाँबाट छिद्र बनाएर बगेको सेती नदीले कुनै दिन जोखिम निम्त्याउने त हैन भन्ने विषयले स्थानीयबीच आशंका उब्जाएको हो।



रामघाटबाट खुल्ला भई पृथ्वीचोकको लगभग तीन किलोमिटरको दुरी भूमिगत हुँदै गएको सेती नदी रातोपैंन्हामा खुल्ला भएको छ भने सोही स्थानमा खसेको पहिराका कारण अहिले बाँध निर्माण भएको छ। खुल्ला भएको स्थानको मुखमा नै नदीको पूर्वीभाग हरियोखर्क अस्पतालतर्फ भदौको २० गते खसेको सुक्खा पहिरासँगै आसपासको भू-भाग उच्च जोखिमयुक्त बनेको हो। स्थानीयवासीका अनुसार सुक्खा पहिरासँगै खसेको चट्टानका कारण अहिले सेती नदी माथिको उक्त स्थानमा बाँध बनेको छ। बाँध भएको ठाउँमा छिद्रबाट पानी बगेर बाहिर निस्केको भए पनि त्यहाँ ठूलो ताल बनेको हुन सक्ने स्थानीय विष्णु श्रेष्ठले जानकारी दिए। लगभग वर्षात् सकिएपछि पहिरो गएर थुनिएका कारण पानी थोरै भएकाले अन्य कुनै नोक्सानी नभएको उनले बताए।

'भदौको २० गते राति करिब १:३० बजेको समयमा सुतिरहेको अवस्थामा घरै थर्कने गरी ठूलो आवाज आयो,' उनले भने, 'बाहिर निस्केर हेर्दा त पारिपट्टिको सेतीको डिल खसेको रहेछ, पहिराका कारण थुप्रिएको चट्टानले नदीको बहाव त्यही बेला नै थुनेको थियो।' अर्को वर्षात् नजिकिँदै गर्दा त्यसतर्फ ध्यान नदिने हो भने त्यसले वरपरका वस्ती नै जोखिममा पार्न सक्ने उनको भनाइ छ। रातको समयमा ठूलो आवाजसहित पहिरो गएपछि कतिपय स्थानीय भूकम्प आएको भन्दै घर बाहिर निस्केका स्थानीय जानकी क्षेत्रीले जानकारी दिए। उनले भने, 'पहिरो गएकै स्थानमा जोडिएको जमिन अहिले पनि फाटिरहेको छ, निकट भविष्यमा नै खसेर अर्को जोखिम निम्त्याउन सक्छ।' सेती किनारका अन्य ठाउँमा पनि जमिन फाट्ने क्रम जारी रहेकाले बेलैमा सजग नभए त्यसले समग्र पोखरालाई नै असर पार्न सक्ने स्थानीय बताउँछन्।

उक्त स्थानमा विसं २०७२ वैशाख १२ गते भूकम्प गएको १५ महिनापछि पनि सुक्खा पहिरो गएको अर्का स्थानीय गणेश श्रेष्ठले बताए। उनका अनुसार सोही ठाउँमा अघिल्लो वर्ष पनि त्यस्तै सुख्खा पहिरो गएको थियो। बारम्बार गएको पहिराले बाँध जस्तै गरी चट्टानको थुप्रो लागेपछि सेतीले बहाव परिवर्तन गर्न सक्ने स्थानीय मिमबहादुर रानाले सुनाए।

सेती नदी र यसले पारेका गल्छी एवम् प्रभाव सम्बन्धमा बिभिन्न अध्ययन भने नभएका होइनन्। बिभिन्न समयमा विदेशी संस्थाले गरेका अध्ययनका अनुसार गहिरिँदै गएको सेती नदीले पार्न सक्ने प्रभावलाई दृष्टिगत गर्दै ठाउँठाउँमा चेक ड्याम लगाउन सुझाव दिएका थिए। भूगर्भविद् ई डा रञ्जन दाहालका अनुसार सेतीको दायाँबायाँको जमिनको भाग खस्नु दीर्घकालीन समस्या भए पनि पछिल्लो समय सुक्खा पहिरो जोखिमयुक्त देखिएको छ।

पोखराको मध्यभाग हुँदै बगेको यही नदीले यहाँको सुन्दरता कायम राख्न ठूलो योगदान पुऱ्याएको छ। पोखरालाई सेती नदीको विचित्रताले पर्यटकीय महिमा र गरिमा बढाएको छ। सदाबहार सेतै देखिने भएकोले प्राचीनकालदेखि यसको नाम सेती नदी रहन गएको बुढापाका बताउँछन्। पोखराका फाँटको सिँचाइ गरी उब्जाउ हुने अन्न यहाँका स्थानीयवासीको जीवीकोपार्जनको महत्वपूर्ण आधार हो।


पोखरेलीका लागि बरदानजस्तै बनेको सेती नदीमा पछिल्ला वर्षमा प्रदूषण बढ्दै गएको विषय पनि यतिखेर चर्चामा छ। विभिन्न संघसंस्था एवम् ठाउँठाउँका स्थानीयबाट यसको संरक्षणको प्रयास थालिएको पाइन्छ। मानवीय अतिक्रमण त छँदैछ पछिल्ला वर्षमा नदी किनारामा ठाउँठाउँमा जाने गरेका पहिराका कारण सेतीको नियमित बहाव थुनेको छ नै यसले किनारा आसपासका बस्तीसमेतलाई जोखिमपूर्ण बनाएको छ।

रातोपैंन्हाका साथै पछिल्ला वर्षमा तुल्सीघाट, रामघाट, पृथ्वीचोक, रंगशाला, चिर्गादीघाट, गगनगौँडालगायतका स्थानमा सेती किनारामा चट्टान खस्ने क्रमले वरपरका वस्ती जोखिमपूर्ण बन्दै गएका छन्। सेतीका विभिन्न घाटबाट जथाभावि नदीजन्य वस्तुको दोहोनसँगै नदी गहिरिँदै गएपछि भित्रीभागमा पानी जम्ने र कतिपय झुण्डिएका जमिन नदीमा खस्दै जाँदा बस्ती उच्च जोखिममा पर्दै गएका छन्।

खानेपानीका लागि गरिने अत्याधिक मात्रामा खनिएका बोरिङलाई आधार बनाउने हो भने अधिकांश स्थानको भूबनोट शुरुमा कडा चट्टानसँगै तल्लो भागमा रातो र बालुवा माटो भेटिने गरेको छ। पोखराभित्र दुई सयभन्दा बढी बोरिङमार्फत निकालिएको पानी बजारमा बिक्री वितरण गरिँदै आएको छ। जमीनको एक सय मिटरको गहिराइमा शुद्ध पानी आउने गरेको हुँदा सेती नदीले सो दुरी फेला पार्ने हो भने पोखरा बजारलाई नै जोखिमपूर्ण हुने बताइएको छ।

# कृषि मन्त्रालयले प्रदेश सरकारको समन्वयमा बजेट बनाउँदै

काठमाडौं/मस- आगामी आर्थिक वर्षका लागि कृषि तथा पशुपंक्षी मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरेर बजेट बनाउने भएको छ। मन्त्रालयले सातै प्रदेश सरकारसँग एकीकृत योजना तर्जुमा गरी नीति तथा कार्यक्रम बनाउने भएको हो।



संघीय सरकार र प्रदेश सरकारले बनाउने योजना बीच समन्वय नहुँदा समस्या आएकाले यो वर्षबाट एकीकृत योजना तय गर्न लागिएको मन्त्रालयका उपसचिव गंगादत्त आचार्यले बताए। उनका अनुसार नीति तथा कार्यक्रममा एक रुपता ल्याउन आइतबारदेखि प्रि-बजेट समन्वय बैठक राखिएको छ। बैठकमा सातै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री र सचिवलाई बोलाइएको छ। प्रदेशका मन्त्री र सचिवले प्रदेश सरकारको योजना प्रस्तुत गर्नेछन्। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले ल्याउने बजेटबारेमा समेत प्रदेश सरकारलाई जानकारी गराइने उपसचिव आचार्यले बताए।

अन्तरक्रिया दुई दिनसम्म चल्नेछ। मुलुक संघीयतामा गएपछि संघीय र प्रदेश सरकारको प्राथमिकता तथा योजनामा तालमेल हुन नसकेकाले समन्वय मार्फत् कृषि कार्यक्रम तय गर्न लागिएको मन्त्रालयले जनाएको छ।

# सर्जिकल सामान कालोबजारी गर्ने पक्राउ

काठमाडौं/मस- नेपाल प्रहरीले सर्जिकल सामग्री कालोबजारी गर्ने एकजनालाई पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त जनसेवा न्यूरोडबाट खटिएको प्रहरी टोलीले विश्वमा फैलँदै गएको कोरोना भाइरसको मौका छोपेर ह्याण्ड स्यानेटाइजर कालोबजारी गरी बेच्ने प्रिया ट्रेडर्सका अनिल गुप्तालाई शुक्रबार साँझ पक्राउ गरेको हो।



भारत घर भएका गुप्ताले काठमाडौँ महानगरपालिका-२५ बाङ्गेमुडामा पसल राखेर सामान कालोबजारी गर्दै आएको आरोप लगाइएको छ। जनसेवा प्रहरीका प्रमुख, प्रहरी नायब उपरीक्षक सुनिलजङ्ग शाहले ११० पर्ने सामानलाई ३०० लिएर बेचेको सूचनाका आधारमा गुप्तालाई पक्राउ गरिएको जानकारी दिए। पक्राउ परेका गुप्तासँग प्रहरीले ८१४ थान ह्याण्ड स्यानेटाइजर बरामद गरेको छ जसको बजार मूल्य रु दुई लाख ५६ हजार ५२० रहेको छ। पक्राउ परेकालाई कालोबजारीविरुद्ध मुद्दा चलाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# बुद्धजयन्ती मनाउन विभिन्न समिति

**काठमाडौं/रासस–** दुई हजार ५६४औं बुद्धजयन्ती तथा तेस्रो अन्तर र्राष्ट्रिय बौद्ध सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरिएका छन्। लुम्बिनी विकास कोषका कायममुकाम सदस्यसचिव ज्ञानिन राईका अनुसार बुद्धजयन्ती तथा तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनलाई लक्ष्य गरी २२ उपसमितिका संयोजक चयन गरिएका हुन्।

लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठीको संयोजकत्वमा अन्तर्राष्ट्रिय सम्मेलन व्यवस्थापन उपसमिति गठन गरिएको छ। लुम्बिनी विकास कोषको कोषाध्यक्ष सुरेन्द्रमुनि शाक्यको संयोजकत्वमा आर्थिक व्यवस्थापन उपसमिति, प्रदेश समन्वय उपसमिति संयोजकमा प्रमुख सचिव, प्रदेश सरकार, प्रदेश नं ५, वृक्षरोपण तथा सरसफाइ उपसमितिका संयोजकमा लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख मनमोहन चौधरी चयन भएका हुन्।

प्रचारप्रसार उपसमितिका संयोजकमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश आचार्यको संयोजकत्वमा अन्तरनिकाय समन्वय उपसमिति, प्रा डा त्रिरत्न मानन्धरको संयोजकत्वमा प्राज्ञिक उपसमिति, अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षुमैत्री महास्थवीरको संयोजकत्वमा धार्मिक पूजा तथा अनुष्ठान उपसमिति गठन गरिएको लुम्बिनी विकास कोषको सूचना शाखाले जनाएको छ।

कार्यसम्पादन उपसमितिका संयोजकमा लुम्बिनी विकास कोषका कामु सदस्यसचिव ज्ञानिन राई, मञ्च व्यवस्थापन उपसमितिका संयोजकमा योजना प्रमुख सरोज भट्टराई र म्याराथन तथा पदयात्रा उपसमितिका संयोजकमा लुम्बिनी विकास कोषका सद्भावनादूत विक्रम पाण्डे चयन भएको कोषले जनाएको छ।

कपिलवस्तु समन्वय उपसमितिका संयोजकमा कपिलवस्तु नगरपालिकाका प्रमुख किरण सिंह, रामग्राम समन्वय उपसमितिका संयोजकमा रामग्राम नगरपालिकाका प्रमुख नरेन्द्रप्रसाद गुप्ता, देवदह समन्वय उपसमितिका संयोजकमा देवदह नगरपालिकाका प्रमुख हीराबहादुर केसी र सैनामैना समन्वय उपसमिति संयोजकमा सैनामैना नगरपालिकाका प्रमुख चित्र केसी चयन भएका छन्।

सुरक्षा प्रबन्ध उपसमितिको संयोजन गृह मन्त्रालयका सहसचिव र अतिथि सत्कार उपसमितिको संयोजन परराष्ट्र मन्त्रालयका शिष्टाचार महापालले गर्ने कार्यक्रम तय भएको छ। उपसमितिले कोषका कार्यकारी सदस्यलाई पनि जिम्मेवारी प्रदान गरेको छ। सोअनुसार आवास तथा खाद्य प्रबन्ध उपसमितिको संयोजकमा कार्यकारिणी समिति सदस्य राजेश ज्ञवाली, यातायात प्रबन्ध उपसमितिका संयोजकमा कार्यकारिणी समिति सदस्य हेमन्त कोलाक्षपति र स्वयंसेवक व्यवस्थापन उपसमितिका संयोजकमा कार्यकारिणी सदस्य अमिरका कोहार चयन भएका छन्।

सांस्कृतिक तथा प्रवर्द्धन उपसमितिका संयोजकमा नेपाल भ्रमण वर्ष-२०२० को सचिवालय सदस्य बच्चुनारायण श्रेष्ठ र हस्तकला व्यवस्थापन उपसमितिका संयोजकमा नेपाल हस्तकला महासंघका अध्यक्ष चयन भएका छन्। एक सातासम्म मनाउने गरी सरकारले २५६४औं बुद्धजयन्तीका विविध कार्यक्रम सार्वजनिक गरेको छ। आगामी वैशाख १९ गतेदेखि हुने बुद्धजयन्ती समारोहको मूल समारोह वैशाख २५ गते लुम्बिनीमा हुनेछ।

साताव्यापी कार्यक्रमअन्तर्गत २०७७ साल वैशाख १९ गते रुपन्देही, कपिलवस्तु र नवलपरासीका नगरपालिका क्षेत्रमा सरसफाइ अभियान चलाउने, २० गते लुम्बिनीमा रक्तदान, २१ गते वृक्षरोपण, २२ गते विश्वशान्ति पदयात्रा तथा म्याराथन दौड प्रतियोगिता, २३ गते अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन (पहिलो दिन), २४ गते अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन ९दोस्रो दिन० र २५ गते मूल समारोह आयोजना हुनेछ। यसैगरी २६ गते लुम्बिनीदेखि कपिलवस्तु मायादेवी प्रसूति यात्रासहित विविध कार्यक्रम तय भएको कामु सदस्यसचिव राईले बताए।

# किशोरीको उद्धार


**काठमाडौं/मस–** भारतको गोरखपुरमा अलपत्र परेकी एक किशोरीको उद्धार गरिएको छ। कपिलवस्तु नगरपालिका वडा नं ८ निवासी १६ वर्षीया किशोरीको भारतीय प्रहरीको सहयोगमा शान्ति पुनःस्थापना गृहले उद्धार गरेको हो।

शिवरात्रिका दिन मेला हेर्न जान्छु भनेर हिँडेकी किशोरी सम्पर्कविहीन भएपछि परिवारले प्रहरी समक्ष खोजिदिन आग्रह गरेका थिए। खुनुवा नाका हुँदै भारत प्रवेश गरेको सूचनाका आधारमा भारतीय प्रहरीसँग समन्वयन गरी उद्धार गर्न सफल भएको शान्ति पुनःस्थापना गृहका क्षेत्रीय संयोजक भूमिराज भट्टराईले बताए।

उद्धार गरिएकी किशोरीलाई जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमार्फत परिवारको जिम्मा लगाइएको छ। किशोरीलाई कसले किन लग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए।

# जब पारश शाह पशुपतिमा सरसफाई गर्न थाले

**काठमाडौं/मस-** शनिवार बिहान पूर्व युवराज पारस शाह पशुपतिनाथ मन्दिर क्षेत्रमा फरक भूमिकामा देखिए। हातमा झाडु बोकेर सरसफाइमा लागेका पारस सबैको नजरमा परे।



सिमसिम पानी परिरहेका बेला शनिबार गाडी चढेर पशुपतिनाथ मन्दिर परिसरको सरसफाईमा सरिक पारसलाई सुरुमा सरसफाई अभियान्ता केपी खनालले स्वागत गरेका थिए। कार्यक्रमको सुरुवात गर्नुभन्दा अगाडि केपीले मन्तव्य राखे। उनी बोलुन्जेल पूर्वयुवराज शाह सुनिरहे। केपीले उनलाई पनि केही शब्द राख्न अनुरोध गरे तर, उनी बोलेनन्।

पारसले हातमा पञ्जा नलगाएरै सुरुवात गरे। पारसले आफ्नो निमन्त्रण स्वीकार गरेर अभियानलाई महत्वपूर्ण स्थान दिएको अभियान्ता केपीले जानकारी दिए। 'यो अभियान दुई वर्षदेखि जारी छ। तर, पूर्व युवराज आएर अभियानलाई थप उचाई प्रदान गर्नुभएको छ।' केपीले भने।

एक साताअघि केपीले सरसफाई कार्यक्रममा सहभागी भइदिन अनुरोध गरेका थिए। उक्त अनुरोध स्वीकार गर्दै पूर्वयुवराज पारस कार्यक्रममा सरिक भएका हुन्।

प्रस्ताव स्वीकार गर्दै शनिवार बिहान सात बजे पशुपति मन्दिर क्षेत्र पुगेका थिए। पानीका कारण कार्यक्रम बिहान ९ बजेतिर सुरु भएको थियो।

# ट्रक र स्कुटी ठोक्किँदा एकको मृत्यु

बाँके/मस- बाँकेको राप्तीसोनारी गाउँपालिका-९ ढकेरीस्थित महेन्द्र राजमार्गमा ट्रक र स्कुटी ठोक्किँदा एकजनाको मृत्यु भएको छ भने दुईजना गम्भीर घाइते भएका छन्। नेपालगञ्जदेखि दाङतर्फ जाँदै गरेको भे९प ७८१७ नंको स्कुटी र कोहलपुरतर्फ आइरहेको लु२ख २३४० नंको ट्रक एकापसमा ठोक्किदा स्कुटी चालक कपिलवस्तु निवासी विष्णु बेल्वासेको घटनास्थलमा नै मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक पवीन्द्र बमले जानकारी दिए।

उनका अनुसार दुर्घटनामा स्कुटी चालक बेल्बासेकी श्रीमती विन्दु बेल्बासे र छोरी बिपनाको अवस्था गम्भीर रहेको छ। घाइते दुवैको शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको छ।

दुवै सवारीसाधन तीव्र गतिमा रहेकाले एकापसमा ठोक्किँदा मानवीय क्षति हुन पुगेको प्रहरी चौकी ढकेरीका इन्चार्ज प्रहरी सहायक निरीक्षक कुमार केसीले जानकारी दिए। उनका अनुसार दुर्घटनापछि ट्रक र चालकलाई नियन्त्रणमा लिई कानूनी कार्वाहीका लागि इलाका प्रहरी कार्यालय कोहलपुर पठाइएको छ।

# जग्गा अतिक्रमण गर्नेलाई सशस्त्रले हटायो

**झापा/मस–** झापाको कमल गाउँपालिका-५ स्थित सशस्त्र प्रहरी बल तालिम शिक्षालयको जग्गा अतिक्रमण गरेर बसेका ४२ परिवारलाई हटाइएको छ। एक वर्षअघिदेखि पटकपटक उनीहरुलाई हट्नका लागि अनुरोध गर्दा समेत बेवास्ता गरेपछि बल प्रयोग गरेर हटाइएको सशस्त्र प्रहरी बल तालिम शिक्षालयका प्रमुख सुधीरजङ्ग थापाले जानकारी दिए।

शिक्षालयको ८० बिघा जग्गा विगत १६ वर्षदेखि सुकुम्वासीको नाममा ४२ परिवारले अतिक्रमण गरेका थिए। गत असारमा गाउँपालिकाको रोहबरमा अतिक्रमणकारीसमेतको उपस्थितिमा बसेको सर्वपक्षीय बैठकले पुस मसान्तसम्ममा जग्गा खाली गर्ने सहमति भएको थियो।

तर सहमतिबमोजिम जग्गा खाली नगरिएपछि शिक्षालयले स्थानीय पत्रपत्रिका, रेडियो र टेलिभिजनमा पुस २८ गते सूचना प्रकाशन प्रसारण गरेर उनीहरुलाई हट्न १५ दिनको म्याद दिएको थियो। शिक्षालयले माघ १५ गते उनीहरुको घरघरमा सूचना टाँस गरेर माइकिङ गरेर पुनः अतिक्रमित जग्गा खाली गर्न अनुरोध गरेता पनि बेवास्ता भएपछि हटाउनुपरेको उनले बताए।

प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले सार्वजनिक जग्गा हडपेर बस्नेलाई सकेसम्म आफैँ छाडेर जान अनुरोध गर्दै पत्राचार गर्ने र अटेर गरेमा बल प्रयोग गरेर हटाउने सरकारको नीति रहेको बताए।

## जानकारी...

विश्वब्यापी बनिरहेको कोरोनाकै कारण सरकारले महत्वाकांक्षीय परियोजना सगरमाथा सम्वाद स्थगित गरेको छ। कोरानाको उच्च संक्रमण रहेको देशसँग उडान स्थगित गसिकेको छ भने अनअराइभल भिसा रोकेको छ। २० लाख पर्यटक भित्र्याउने लक्ष्य सहित घोषणा गरिएको नेपाल भ्रमण वर्ष-२०२० स्थगित गर्नेबारे सरकारले छलफल चलाइरहेको छ।

राजधानी उपत्यकाका अत्यावश्यक लगायत भेला तथा सभा आयोजना नगर्न प्रशासनले निर्देशन दिएको छ। शिक्षा मन्त्रालयले कक्षा ९ सम्मको परीक्षा चैत ५ गतेभित्र सक्न निर्देशन दिएको छ भने माध्यमिक शिक्षा परीक्षा (एसईई) भने चैत ६ गते नै हुने भएको छ। दलहरुले भने आफ्नो गतिविधि स्थगित गरेको छ। सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र प्रतिपक्षी दल नेपाली काँग्रेसले दलीय भेला तथा सभा स्थगित गर्ने निर्णय गरेको छ। यस सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसदमा पेश भइसकेको छ। तर, जानकारहरुले भने सरकारले जानकारी मुलुक कार्यक्रम भन्दा पनि नागरिक त्रसित बनाउने गतिविधि धेरै गरेको टिप्पणी गरिरहेका छन्।

# विकासको मूल फुट्न थाल्यो : मुख्यमन्त्री गुरुङ

लमजुङ/मस- गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले विगतमा विकासबाट मुलुक पछाडि परे पनि अहिले विकासको मूल फुट्न थालेको बताएका छन्। बेँसीशहर नगरपालिका-७ स्थित यहाँका गुरुङ समुदायको मनाङे चौतारा तमु समाजको नवनिर्मत दुईतले भवनको उद्घाटन गर्दै उनले भने, 'वर्तमान सरकार 'सुखी नेपाली, समृद्ध नेपाल'को महान अभियान लिएर विकासका मूल फुटाउन थालेको छ।'

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गण्डकी प्रदेश इन्चार्जसमेत रहनुभएका मुख्यमन्त्री गुरुङले प्रदेश सरकारले पनि स्वास्थ्य, शिक्षा, खानेपानी, सडकलगायतका क्षेत्रमा लगानी गरिरहेको जानकारी दिए।

कार्यक्रममा संविधानसभा सदस्य जमिन्द्रमान घले, बेँसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्याल, क्व्होलासोथर गाउँपालिका अध्यक्ष प्रेमबहादुर घलेलगायतले यस्ता भवन निर्माणले समाजमा हुने भोजभतेर, सभालगायतका कार्यक्रम गर्नलाई सहज पुऱ्याउने बताएका थिए। पक्की दुईतले समाजको भवनले निर्माणअघि ट्रष्ट हालेर यस समाजको विभिन्न कार्यक्रम गर्दै आए पनि असहज भएको र यस सुविधासम्पन्न भवनले आगामी दिनमा विभिन्न कार्यक्रम तथा सांस्कृतिक कार्यक्रम गर्दा सहज हुने मनाङे चौतारा आमा समूहका अध्यक्ष विमला गुरुङले बताइन्।

रु ८१ लाख पाँच हजार ५३५ को लगानीमा करिब एक रोपनी क्षेत्रफलमा सो दुईतले पक्की भवन निर्माण भएको निर्माण उपभोक्ता समितिका अध्यक्ष ढङ्कबहादुर गुरुङले बताए।

## सूचना

**प्राविधिक कारणले मध्यान्ह दैनिक भोलि सोमबारको अंक प्रकाशित नहुने जानकारी गराउँदछौं। यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं।**

**–प्रकाशक**

## माइग्रेसन हरायो

मिति २०७६/०९/१८ गते टोखाबाट लैनचौरसम्म जाँदा मेरो +2 माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु हुन अनुरोध गर्दछु।

**नाम :** अस्मिता रूपाखेति
**ठेगाना :** हेटौडा-२२, मकवानपुर
**सिम्बोल नं. :** २३१०१५६९
**रजिष्टेशन नं. :** ७४३१०३१६२
**फोन :** ९८०३७९४७६३


## साउदीमा रोजगार | कम्पनी: AL JAZEERA SUPPORT SERVICE COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ | चलानी नं.: ६०१५०३०९ | L.T. No.: 231476 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | General Labour | 115 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २ गते ( 15 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Gov. Lic No. 817/066/067

S. P. M. OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4487837, 4489795
Mob.: 9801063302, 9851071059
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

# ‘सरकारलाई सफल बनाउनु अहिलेको कार्यभार’

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले वर्तमान सरकारलाई सफल बनाउनु अहिलेको केन्द्रीय कार्यभार भएको बताएका छन् । प्रेस संगठन नेपाल, उपत्यका प्रदेश कमिटीको प्रथम भेला एवं शपथग्रहण समारोहलाई सम्बोधन गर्दै उनले समाजवाद निर्माणको आधार तयार गर्न सरकारलाई हरहालतमा सफल बनाउनुपर्ने बताएका हुन् ।

‘सरकारलाई सफल नबनाइए जनतामा निरासा छाउँछ, मुलुकको सामाजिक र आर्थिक रुपान्तरण हुन सक्दैन, वैदेशिक हस्तक्षेप वृद्धि र प्रतिगमनमा खतरा उत्पन्न हुनसक्छ,’ उनले भने । प्रवक्ता श्रेष्ठले पार्टीलाई विग्रहमा लैजाने वा एकतालाई खलबलाउने कुनै पनि कुरा छुट दिन नहुने भन्दै सरकारले सुशासन र विकासमार्फत समाजवादको आधार तयार गर्नुपर्नेमा जोड दिए ।



उनले यसका लागि वस्तुपरक र अध्ययनशील पत्रकारिता गर्न पत्रकारलाई आह्वान गर्दै मुलुकको रुपान्तरण तथा विभिन्न चरणमा भएका परिवर्तनकारी आन्दोलनमा पत्रकारले खेलेका भूमिका असाधारण रहेका चर्चा गरे । पार्टी र सरकारलाई तीव्रगतिका साथ अघि बढाउन सक्षम भई मुलुक रुपान्तरणका लागि सक्रिय हुनेमा विश्वास व्यक्त गर्दै उनले सूचना प्रविधिको विकाससँगै अझ बढी प्रेस जगतको आवश्यकता बढेको बताए ।

सामाजिक न्यायसहितको समृद्धिको लक्ष्य पूरा गर्न पार्टी एकता भएको उल्लेख गर्दै उनले रणनीतिक समाजवादको आधार तयार गर्नु नै अहिले पार्टीको मुख्य कार्यभार रहेको उनको भनाइ थियो । उनले जनताको बहुदलीय जनवाद र २१औँ शताब्दीको जनवादको विचारलाई हाल थाति राखी समाजवादोन्मुख जनताको जनवादलाई कार्यक्रमका रुपमा अघि सारको स्पष्ट गरे ।

नेकपाका स्थायी कमिटी सदस्य तथा वाग्मती प्रदेश कमिटीका इञ्चार्ज अष्टलक्ष्मी शाक्यले जनतालाई यथार्थपरक सूचना प्रवाह गरी प्रेस संगठनलाई जवाफदेहिताका साथ अघि बढ्न आग्रह गरे । पत्रकारिता क्षेत्रमा महिला पत्रकारको सहभागिता बढाउनुपर्ने भन्दै उनले संगठन तथा पार्टीलाई समानुपातिक तथा विभेदमुक्त बनाउनुपर्ने बताए ।

प्रेस संगठनका इञ्जार्च तथा केन्द्रीय सदस्य राजेन्द्र गौतमले संगठनका पत्रकारले पार्टी र सरकारको सकारात्मक आलोचनासमेत आवश्यक रहेको औँल्याउँदै समस्यालाई आन्तरिक छलफलका माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिए ।

पार्टीका केन्द्रीय सदस्य, प्रचार विभाग उपप्रमुख तथा प्रधानमन्त्री केपी शर्मा ओलीका प्रेस सल्लाहकार सूर्य थापाले संगठनलाई लोभलाग्दो र भरलाग्दो बनाउनुपर्नेमा जोड दिँदै पार्टी नै प्रेरणाको स्रोतका रुपमा हुनुपर्ने बताए । उनले सञ्चार क्षेत्रमा विभिन्न प्रकारका सुधारका बारेमा संगठनले विगत लामो समयदेखि बहस चलाउँदै आएको र सरकारले सोहीअनुसार संस्थागतरुपमा कानूनी आधार तयार गरेको बताए ।

उनले संविधानसँग बाझिने कुनै पनि कानून नबन्ने उल्लेख गर्दै बनेमा पनि अदालतले खारेज गर्ने स्पष्ट संवैधानिक अधिकार रहेको स्पष्ट पारे । नेकपा बागमती प्रदेशका अध्यक्ष नारायण दाहालले वाग्मती प्रदेशले सबै संगठन एकताका कार्य सम्पन्न गरिसकेको उल्लेख गर्दै पार्टीलाई आम नेपाली जनताका बीचमा सुदृढ तथा एकताबद्ध बनाउँदै लैजाने बताए ।

संगठनका केन्द्रीय संयोजक महेश्वर दाहालले प्रदेश तथा जिल्लाका सदस्यलाई शपथ ग्रहण गराउँदै पार्टीअनुसार संगठन गतिशील र एकीकृत ढंगले अघि बढेको उल्लेख गरे । पार्टी, सरकार र जनताबीच जोड्ने महत्वपूर्ण जिम्मेवारी प्रेस संगठनको रहेको उल्लेख गर्दै उनले पार्टी र संगठनको एजेण्डा गतिशील र उत्कृष्ट हुनुपर्नेमा जोड दिए ।

# आज अन्तर्राष्ट्रिय नारी दिवस




**काठमाडौं/मस-** आज ११० औं अन्तराष्ट्रिय नारी दिवस बिभिन्न कार्यक्रम गरी मनाइँदैछ । महिला अधिकार आन्दोलनको रुपमा संसारभर हरेक वर्ष ८ मार्चमा नारी दिवस मनाउने गरिन्छ ।


नेपालमा सन् १९७४ देखि नारी दिवस मनाउन थालिएको हो । सन् १९१० को मार्च ८ मा कोपनहेगनमा विभिन्न १७ देशका १ सय जना महिला अधिकारवादीको अन्तर्राष्ट्रिय सम्मेलनले हरेक वर्षको आठ मार्चलाई अधिकार आन्दोलन दिवसका रुपमा मनाउने निर्णय गरे अनुसार यो दिवस मनाउन थालिएको हो ।

सन् १९०६ मा सम्पन्न महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनबाट क्लारा जेट्किन सेक्रेटरी भइन् । त्यसपछि १९०८ मार्च ८ को दिन अमेरिकाको शिकागो सहरमा महिलाहरूले समान अधिकारको माग लिएर महिलाहरूले हड्ताल र विशाल जुलुश प्रदर्शन गरे ।

महिला हक अधिकारको माग गर्दै भएको सोही प्रारम्भिक आन्दोलनको स्मरण तथा महिला अधिकारको संघर्षको दिनका रुपमा ८ मार्चलाई महत्वपूर्ण दिनमा रुपमा मान्ने गरिएको छ । क्लारा जेट्किन सन् १९१० मा कोपेनहेगेनमा महिलाहरूको द्वीतीय अन्तर्राष्ट्रिय सम्मेलनमा जर्मनी मार्क्सवादी नेतृ क्लारा जेट्किनले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने प्रस्ताव राखिन् र त्यो प्रस्ताव पारित भएपछि सन् १९११ देखि विश्वभरिका महिलाहरूले ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको रूपमा मनाउन थालेका हुन् ।

# कोरोना भाइरसविरुद्ध जनचेतना फैलाउँदै सफाइ अभियानकर्मी

**काठमाडौं/मस-** कोरोना भाइरसबाट बच्न बागमती सफाइ महाअभियानले जनचेतनामूलक सफाइ अभियान शुरु गरेको छ । महाअभियान ३५६औं हप्तामा प्रवेश गर्दा कोरोनाको संक्रमण बढ्न थालेपछि सफाइ महाअभियानले शनिबारदेखि तीनै सुरक्षा निकायलाई सफाइमा सहभागी नहुन आह्वान गरेको थियो ।



तिलगङ्गा पहेँलो पुल क्षेत्रमा १५० अभियानकर्मीको उपस्थितिमा भएको सफाइबाट एक मेट्रिक टन फोहर व्यवस्थापन गरिएको अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत समितिका सञ्चालक सदस्य माला खरेलले जानकारी दिइन् । यस क्षेत्रका घर-पसलमा गई चेतनामूलक अभियान पनि चलाइएको थियो । सफाइ अभियानले आ-आफ्नो गाउँ-टोलमा सचेतना फैलाई कोरोनाबाट समाज सुरक्षित बनाउन आह्वान गरेको छ ।

कोरोनाको संक्रमणका कारण सुरक्षा निकाय, विद्यार्थी लगायतलाई सहभागी नहुन आह्वान गरिए पनि बालकुमारीस्थित काठमाडौं फरेस्ट कलेजका ५० विद्यार्थी सहभागी भएका उनले बताइन् । कलेजका विद्यार्थीसँगै १०० जना नियमित अभियानकर्मी सफाइमा सहभागी भएका थिए ।

गुह्येश्वरीमाथिको वाग्मती सफाइको ३१७औं हप्तामा गोठाटार स्थित गाईबाच्छा संरक्षणस्थलमुनिको नदी किनारमा पनि जनचेतनामूलक सफाइ गरियो । वाग्मती सुन्दरता सरोकार मञ्चको सक्रियतामा भएको यस क्षेत्रको सफाइमा पनि अभियानकर्मीमात्र सहभागी भएका थिए ।

यस क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीको नेतृत्वमा शुरु गरिएको अभियान कोरोना भाइरसको संक्रमण बढ्न सक्ने भएकाले स्थगित गरिएको मञ्चका अध्यक्ष उत्तम पुडासैनीले जानकारी दिए । त्यस अवसरमा गाईबाच्छा संरक्षणस्थलमा जम्मा भएको प्लाष्टिकलगायत फोहरसमेत व्यवस्थापन गरिएको थियो ।

चक्रपथको पश्चिमी भेग सफाइ अभियानको १३६औं हप्तामा बाफल क्षेत्रमा जनचेतनामूलक सफाइ अभियान गरियो । मास्क नपाएकै कारण यस क्षेत्रको सफाइमा आउने अभियानकर्मी प्रभावित भएका अभियानकर्मी ताराबहादुर कुँवरले जानकारी दिए । यसैगरी उपत्यकाका अन्य नदी एवं चक्रपथ सफाइ अभियानमा पनि धेरै मानिसको भीडभाड नगरी अभियानकर्मी जम्मा भएर जनचेतनामूलक कार्यक्रम गरिएको थियो । कोरोना भाइरसको संक्रमण रहेसम्म सफाइ अभियानलाई जनचेतना फैलाउन उपयोग गरिने भएको छ ।

# डोल्पामा फैलिएको रोग कोरोना नभएको पुष्टि



**डोल्पा/मस-** डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ मा पर्ने करेलीकाँडा गाउँमा फैलिएको अज्ञात रोगको पुष्टि भएको छ । तीन दिनअघि हेलिकप्टरबाट सुर्खेत लगिएको तीन जना बिरामीको नमूना काठमाडौं पठाएर टेकु अस्पतालमा परीक्षण गराउँदा शुक्रबार बेलुकी मात्रै रोगको पुष्टि भएको हो ।

गाउँ नै थला पार्ने गरी दुई सातादेखि फैलिएको उक्त रोग कोरोना नभई मौसमी रुघाखोकी भएको जिल्ला अस्पतालका डा मेलिना हमालले जानकारी दिइन् । ‘शुक्रबार साँझ मात्रै टेकुबाट ल्याब परीक्षणको प्रतिवेदन आयो, प्रतिवेदनमा अरु बेला लाग्ने जस्तै मौसमी रुघाखोकी भएको पुष्टि भएको छ,’ डा हमालले भनिन् ।

उनले अगाडि भनिन्, ‘सरसफाइमा ध्यान नदिँदा एकपछि अर्को गर्दै गाउँभरि नै रोग फैलिएको हो, त्यतिमात्र नभई रुघाखोकी लाग्दा सही तरिकाले मास्कको प्रयोग नगर्ने, पानी नउमालेर नखाने, जहाँ पायो त्यही फोहर गर्ने, हात नधोएरै खाना पकाउने जस्ता यावत् कुरामा ध्यान नदिँदा रोग फैलिएको पायौँ ।’ अन्तिम दिनमा सबै स्थानीयलाई भेला गरेर सरसफाइ कसरी गर्ने, सामान्य रुघाखोकी, झाडापखाला लाग्दा कसरी बच्नेलगायतका स्वास्थ्यसम्बन्धी धेरै कुरा सिकाएको डा हमालले बताइन् ।

पाँच जना स्वास्थ्यकर्मीले लेखनाथ आधारभूत विद्यालयमा क्याम्प नै खडा गरेर नियमित उपचार शुरु गरेपछि अहिले बिरामीको अवस्था सामान्य भएको छ । बिरामी स्वस्थ भएर पनि पहिलाको जस्तै सामान्य अवस्थामा फर्किसकेका छन् । दैनिक औषधि खाएपछि आफूहरु पहिलाको जस्तै स्वस्थ भएको एक सातादेखि थला परेका स्थानीय बुजबहादुर बोहोराले बताए ।

सरसफाइमा ध्यान नदिँदा गाउँभरिका सबै मान्छे बिरामी परेको स्वास्थ्यकर्मीले बताएकाले अबदेखि सधैँ आफू, आफ्नो परिवार, घर आँगन, गाउँघर सफा राख्ने बोहोराले बताए । आफूहरु सञ्चो भएर पहिलाको जस्तै खेतीपातीको काममा जुटेको उनले बताए ।

दुई सातादेखि थला परेका रुघाखोकी, ज्वरो र पखालाका १५० जनाको नियमित उपचार गरेपछि बिरामी सामान्य अवस्थामा फर्केको र नियमित काममा फर्किएको डा मेलिना हमालले बताए । चार/पाँच दिनपछि स्थानीयको अवस्था बुझ्न स्वास्थ्यकर्मी फेरि गाउँ पुग्ने बताइएको छ । उपचारका क्रममा १५० जनाबाहेक ४० जना बिरामीको जाँच गर्दा १० देखि १५ जना महिलामा पाठेघरको समस्या देखिएको र धेरैलाई पिसाबको समस्या देखिएको डा हमालले बताइन् ।

करेलीकाँडाका स्थानीयलाई मास्क लगाउन सिकाएको स्वास्थ्यकर्मीले बताएका छन् । स्थानीयवासीले रुघाखोकी लाग्दा मास्क लगाउनुपर्छ भन्ने थाहा भए पनि यस्तो अवस्थामा खोक्दा वा हाछ्युँ गर्दा माक्स खोलेर गर्ने गरेको पाइयो डा हमालले बताइन् । अबदेखि रुघाखोकी लाग्दा मास्कले नाकसम्मै छोपेर खोक्ने र हाछ्युँ गर्ने सरफाइमा उत्तिकै ध्यान दिने, पानी उमालेर प्रयोग गर्ने, झाडापखाला लाग्दा झोलिलो पदार्थ खाने भनेर सिकाएको हमालले बताइन् ।

# नापीका सेवा अब एपमा



**कास्की/मस-** नापी कार्यालय कास्कीले सेवाप्रवाहलाई पारदर्शी र छिटोछरितो बनाउन मोबाइल एप्लिकेशन (एप) सार्वजनिक गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले शनिबार आयोजित कार्यक्रममा सो एपको सार्वजनिक गर्दै जग्गा प्रशासनको सुधार गर्न प्रविधिलाई अधिकत उपयोगमा ल्याउनुपर्नेमा जोड दिइन् ।

उनले भनिन्, ‘हिजो प्रविधि थिएन, फित्ता लिएर नाप्दै हिँड्नुपर्थ्यो, धेरै समस्या थिए । अब प्रविधिले यस्ता समस्याका समाधान गरिदिएको छ । अब काम छिटोछरितोसँगै बिचौलियाको अन्त्यसमेत हुनेछ ।’ मन्त्री अर्यालले सेवाग्राहीप्रति उत्तरदायी भएर काम गर्न र व्यक्तिगत स्वार्थमा नलाग्न कर्मचारीलाई आग्रह गरिन् ।

कार्यक्रममा नापी विभागका महानिर्देशक प्रकाश जोशीले सुशासन स्थापित गर्न प्रविधिमैत्री रूपबाट अघि बढेको जानकारी दिँदै यस एप देशैभर पुर्‍याइने बताए । नापी कार्यालयका प्रमुख नापी अधिकृत खिमलाल गौतमले भूमि प्रशासनमा पारदर्शी र सेवाग्राहीमैत्री बनाउन ‘नापी पोखरा एसओकेपी’ मोबाइल एप तयार गरिएको जानकारी दिए । उनले भने, ‘बिचौलियाले कर्मचारीको नाम बेचेर सेवाग्राहीलाई हैरानी दिएका छन् । अब यस एपले बिचौलियाको अन्त्य गर्नेछ । सेवाग्राहीले चाहेको समयमा सेवा लिन पाउनेछन् ।’

सो एपबाट दैनिक सेवाहरु टोकन लिन, फारम भर्न, कित्ताकाट, हालसाविक भिडाउन, नक्सा प्रिन्ट, नक्सा ट्रेस उतार, प्लट रजिष्ट्रर उतार, फिल्ड रेखाङ्कन, क्षेत्रफल ट्रायल चेक, कित्ता एकीकरण जानकारी लिन सकिने छ । एपमा कार्यालयबाट सेवा लिन आवश्यक विभिन्न निवेदनका ढाँचा उपलब्ध छ । कुन सेवा कसरी लिन सकिन्छ त्यसको जानकारी, कार्यालयका सूचना र जानकारी, गुनासो तथा उजुरी गर्ने व्यवस्था र भविष्यमा अनलाइनबाट नै राजश्व तिरी सेवा लिन सकिने व्यवस्था रहेको कार्यक्रममा जानकारी दिइयो ।

नेपालको जग्गा प्रशासनको क्षेत्रमा यस प्रकारको एप पहिलोपटक शुरु गरिएको हो । मालपोत, नापीजस्ता दैनिक सेवा प्रवाह गर्ने सार्वजनिक निकायमा बिचौलियाको सहयोगबिना नै सेवा प्राप्त गर्न सकिन्छ भन्ने सन्देश दिन एप कार्यान्वयनमा ल्याइएको कार्यालयले जनाएको छ ।

# हुम्लामा पुनः हिमपात कृषकलाई राहत

**हुम्ला/मस-** हुम्लामा पुनः भारी हिमपमत भएको छ । शुक्रबार साँझदेखि निरन्तर भएको हिमपातले हुम्लामा चिसो बढेको छ । हिमपातले जिल्लामा तापक्रम माइनस पाँच मा झरेको छ । जिल्लाको उत्तरी भेगमा भारी हिमपात भएको छ भने दक्षिणी भेगमा वर्षा भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ ।

शुक्रबार बिहान मौसम सफा भएर घाम लागेको भए पनि दिउँसोबाट मौसममा एक्कासि परिवर्तन हुँदा हिमपात शुरु भएको हो । मौसममा आएको बदलीसँगै एक्कासि बाक्लो हिमपात शुरु भएर जमिनमा बाक्लो हिउँ जमेको छ । जिल्लामा हिमपात हुँदा जिल्लाको खार्पुनाथ, सिमकोट र नाम्खा गाउँपालिकाका क्षेत्र सेताम्य भएका छन् । हिमपातले हुम्लाको जनजिवन कष्टकर बनाएको छ ।

स्याउ, ओखर, आरुलगायतका बिरुवा यहाँका किसानले लगाउन थालेका छन् भने यस पटक परेको हिमपातले किसानलाई राहत मिल्ने भएको सिमकोट गाउँपालिका कृषि शाखाका प्रमुख नेत्रबहादुर शाहीले बताए ।


## Bahrain मा वैदेशिक रोजगारको अवसर

Company : EVERFINE TRADING W.L.L — City : BAHRAIN

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५३००० — LT. No.: 234549 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ४६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packer | 20 | 0 | | 150 | ४६,५५० | | | | | | | |
| 3. | Worker (Helper) | 20 | 0 | | 130 | ४०,३४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७६ चैत २ गते (15 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

## कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.



Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# दीर्घकालीन समाधान खोज

परीक्षामा राम्रो नम्बर नल्याएको भन्दै विद्यार्थीलाई आफ्नै हात चिर्न लगाउने काठमाडौं जडिबुटीस्थित जागृती एकेडेमीकी एक शिक्षिकालाई प्रहरीले नियन्त्रणमा लिएको छ । १२ वर्षदेखि उक्त विद्यालयमा सोसल साइन्स पढाउँदै आएकी ती शिक्षिकाले कक्षा ५ मा पढ्ने २५ र कक्षा ६ मा पढ्ने नौ विद्यार्थीलाई सिसाकलम तिखार्ने ब्लेडले हात चिर्न लगाएकी थिइन् । उनले हरेक विद्यार्थीलाई २५ देखि ३० पटकसम्म हात चिर्न लगाएको आरोप लगाइएको छ । स–साना बालबालिकालाई हात चिर्न लगाउने शिक्षिकालाई निस्काशन गरिएको विद्यालयले जनाएको छ ।

